# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, जेठ २ गते, २०७७ साल (अतिरिक्ताङ्क ३

## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको अध्यादेश नं. ०२**

## प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना**ः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल समसामयिक संशोधन गर्न आवश्यक परेकोले र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "प्रदेश आर्थिक कार्यविधि ऐन (पहिलो संशोधन) अध्यादेश, २०७७" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा संशोधनः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) र (२) मा भएको "एक महिना" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिन" भन्ने शब्दहरु राखिएका छन्।

**प्रमाणीकरण मितिः २०७७।०२।०२**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-